**SMG सेवाहरू**

**विश्वव्यापी गोपनीयता नीति**

प्रभावकारी मिति: मार्च 2018

यो गोपनीयता नीति मोबाइल एप्लिकेसनहरू सहित यो वेबसाइट र अन्य वेबसाइट, सेवा र एप्लिकेसनहरू मार्फत संकलन गरिएको व्यक्तिगत डाटामाथि SMG को प्रक्रियामा लागू हुन्छ, जसमा यो गोपनीयता नीति पोस्ट, लिंक वा सन्दर्भ गरिएको छ (सङ्ग्रहित रूपमा "**SMG सेवाहरू**")। "व्यक्तिगत डाटा" भनेको परिचित वा परिचायक प्राकृतिक व्यक्तिसँग सम्बन्धित डाटा हो। SMG सेवाहरूलाई सेवा व्यवस्थापन समूह, LLC, सेवा व्यवस्थापन समूह निगम, सेवा व्यवस्थापन समूह GK र उनीहरूका सम्बन्धित सम्बद्ध पक्षहरूद्वारा स्वामित्व र/वा सञ्चालित गरिन्छ (सङ्ग्रहित रूपमा "**SMG**" वा "हामी")। यो गोपनीयता नीतिले हामीले तपाईंको व्यक्तिगत डाटा सङ्लन र प्रक्रिया गर्ने तरिकालाई सम्बोधन गर्छ।

यो गोपनीयता नीतिलाई होसियारीका साथ समीक्षा गर्नुहोस्। तपाईंको व्यक्तिगत डाटालाई यो गोपनीयता नीतिमा व्याख्या गरे अनुसार संकलन र प्रक्रिया गरिनेछ।

यदि तपाईं यसो गर्नुभएको छैन भने, SMG सेवाका सर्तहरू समीक्षा गर्नुहोस्, जसले हाम्रा वेबसाइट, एप्लिकेसन, सेवा र मोबाइल एप्लिकेसनहरू ("SMG सेवाहरू") माथि तपाईंको प्रयोगलाई अधिनियन्त्रण गर्ने सर्तहरू प्रस्तुत गर्छ।

**यदि तपाईं यस गोपनीयता नीति वा सेवाका सर्तहरूका कुनै अंशलाई स्वीकार गर्नुहुन्न भने यी SMG सेवाहरू मध्ये कुनै पनि प्रयोग नगर्नुहोस्।**


1. **गोपनीयता नीतिमा परिवर्तनहरू**
2. **SMG द्वारा प्रक्रिया गरिएको व्यक्तिगत डाटाका कोटिहरू**
3. **हामी जानकारी कसरी संकलन गर्छौं र प्रक्रियाका उद्देश्यहरू**
4. **प्रक्रिया गर्ने कानूनी आधारहरू**
5. **हामी व्यक्तिगत डाटा कसरी प्रयोग र साझा गर्छौं**
6. **व्यक्तिगत डाटाको कायमता र निष्कासन**
7. **व्यक्तिगत डाटाको प्रक्रिया सम्बन्धी तपाईंका अधिकार र रोजाइहरू**
8. **व्यक्तिगत डाटा प्रदान नगरे बापत परिणामहरू**
9. **कुकी नीति**
10. **तपाईंको खाता जानकारी व्यवस्थापन गर्ने**
11. **बालबालिकाको गोपनीयता**
12. **तेस्रो पक्ष सेवाहरूमा जने लिङ्कहरू**
13. **जानकारीको सुरक्षा**
14. **भौगोलिक विचारहरू र व्यक्तिगत डाटाको सीमा-पार स्थानान्तरणहरू**
15. **हामीलाई कसरी सम्पर्क गर्ने**
16. **डाटा नियन्त्रक र डाटा सुरक्षा कार्यकारी**

## 1. यस गोपनीयता नीतिमा परिवर्तनहरू

हामीले गोपनीयता नीतिलाई असर गर्ने परिवर्तनहरू गर्दा समय समयमा हामी यो गोपनीयता नीति अद्यावधिक गर्नेछौं, जस्तै नयाँ सेवा र एप्लिकेसनहरू थप्ने, हाम्रा सेवाहरू सुधार्न र प्रविधि र कानूनहरूमा परिवर्तनहरू सम्बोधन गर्ने। यो वेबसाइटको शीर्षमा प्रस्तुत गरिएको यो गोपनीयता नीतिको प्रभावकारी मितिले अन्तिम पटक गोपनीयता नीति अद्यावधिक गरिएको मिति प्रतिबिम्ब गर्छ। यी परिवर्तनहरू सामग्रीमूलक छन् भने SMG ले तपाईंलाई सूचना दिनेछ र लागूयोग्य कानूनद्वारा आवश्यक परेमा हामी तपाईंको सहमति प्राप्त गर्नेछौं। यो सूचना हाम्रो वेबसाइट वा हाम्रा एप्लिकेसनहरू मार्फत परिवर्तनहरू बारे सूचना पोस्ट गरी प्रदान गरिनेछ।

## 2. SMG द्वारा प्रक्रिया गरिएको व्यक्तिगत डाटाका कोटिहरू

SMG ले ती कम्पनीहरूको पक्षमा बजार अन्वेषण सञ्चालन गर्छ जसले उनीहरूका सामान र सेवाहरू बारे उपभोक्ता प्राथमिकताहरू राम्रोसँग बुझ्न चाहन्छन्। यी कम्पनीहरू हाम्रा "**ग्राहकहरू**" हुन्। हामी हाम्रा ग्राहकहरूको पक्षमा सर्वेक्षणहरू सञ्चालन गर्छौं (सङ्ग्रहित रूपमा "**सर्वेक्षणहरू**") र यस जानकारीलाई उपभोक्ताका अन्तर्दृष्टिहरू उत्पन्न गर्न प्रयोग गर्छौं, जस्तै उपभोक्ता कहाँ, कहिले र प्राय कति खुद्रा स्थानहरूमा जान्छन् र भेटघाटहरूको अवधिमा उनीहरूका अनुभवहरू। तपाईंले सर्वेक्षण लिँदा वा SMG सेवाहरू प्रयोग गर्दा, हामी तपाईंले हामीलाई स्वैच्छिक रूपमा प्रदान गर्नुहुने व्यक्तिगत डाटा संकलन गर्छौं।

हामीले संकलन गर्ने व्यक्तिगत डाटामा निम्न समावेश छन्: (1) सम्पर्क डाटा (जस्तै इ-मेल ठेगाना, टेलिफोन नम्बर र रोजगारदाता); (2) भौगोलिक डाटा (जस्तै लिङ्ग, जन्म मिति र जिप कोड); (3) जानकारीले तपाईंलाई पहिचान दिने वा तपाईंसँग व्यक्तिगत परिचायक व्यक्तिको रूपमा सम्बन्धित गर्ने विस्तारसम्म सर्वेक्षणहरूमा तपाईंका प्रतिक्रियाहरू ; र (4) SMG सेवाहरूमाथि तपाईंको प्रयोगसँग सम्बन्धित जानकारी ("उपयोग डाटा")।

हामीले संकलन गर्ने उपयोग डाटामा निम्न समावेश हुन्छः (1) IP ठेगाना; (2) डोमेन सर्भर; (3) सेवाहरूमा पहुँच गर्न प्रयोग गरिने यन्त्र(हरू)का प्रकार; (4) तपाईंको ब्राउजर वा यन्त्र बीच अन्तरक्रियासँग सम्बन्धित तथ्याङ्क र जानकारी, जस्तै यन्त्रको मोडेल, वाहक/सञ्जाल, बाँकीको ब्याट्री जीवनमा आधारित स्थान प्रतिचयन अनुकूल गर्नलाई ब्याट्री जीवन जानकारी र तपाईंको यन्त्र बारे आधारभूत उपयोग तथ्याङ्कहरू; (5) तपाईंले हामीलाई तपाईंको यन्त्रमा स्थान (वा समान) सेटिङहरू मार्फत जानकारी प्राप्त गर्न अनुमति दिँदा वास्तविक-समय GPS वा अन्य भौगोलिक डाटा; (6) तपाईंले सेवाहरू पहुँच गर्नुभएका वेबपृष्ठ वा अन्य स्रोतका सन्दर्भहरू। तपाईंले अनलाइन सर्वेक्षणहरू लिँदा, हामी जालसाजी पत्ता लगाउने र रोक्ने उद्देश्यहरूका लागि तपाईंको यन्त्र बारे बहुविध अद्वितीय गुणहरू संकलन गर्छौं।

## 3. हामी जानकारी कसरी संकलन गर्छौं र प्रक्रियाका उद्देश्यहरू

हामी तपाईंले हामीलाई प्रदान गर्नुभएको जानकारी र SMG सेवाहरूको प्रयोग मार्फत जानकारी संकलन र प्रक्रिया गर्छौं। हामीले संकलन गर्ने जानकारी र त्यसलाई प्रक्रिया गर्ने तरिका तपाईंले SMG सेवाहरूमा पहुँच र प्रयोग गर्ने तरिकामा भर पर्छ।

**तपाईंबाट।** तपाईंले निम्न कार्य गर्दा हामी तपाईंबाट जानकारी संकलन गर्छौं:

- **सर्वेक्षण पूरा गर्नुहोस्:** हामी तपाईंका उपभोक्ता अनुभव र प्राथमिकताहरू बारे सर्वेक्षण प्रतिक्रियाहरूमा तपाईंले पेश गर्नुभएको जानकारी संकलन गर्छौं। हामी तपाईंका उपभोक्ता अनुभवहरू अझ राम्रोसँग बुझ्नलाई तपाईंको सर्वेक्षण प्रतिक्रियाहरूमा प्राप्त गरिएको जानकारीलाई हाम्रा ग्राहकहरूबाट प्राप्त गरिएको जानकारीसँग संयोजन गर्छौं, जस्तै हाम्रा ग्राहकहरूका इमानदारी कार्यक्रमहरूमा तपाईंको सहभागीता बारे जानकारी। हामी समग्र उपभोक्ता अनुभवहरू अझ राम्रोसँग बुझ्नलाई तपाईंका सर्वेक्षण प्रतिक्रियाहरूमा प्राप्त गरिएको जानकारीलाई अन्य प्रयोगकर्ताहरूबाट आएका सर्वेक्षण प्रतिक्रियाहरूसँग संयोजन गर्न सक्छौं। तपाईंले कुनै सर्वेक्षण पूरा गर्नुहुँदा, तपाईंले हामीलाई प्रदान गर्न छनोट गर्नुभएको जानकारीलाई हाम्रा ग्राहकहरूका लागि वा जानकारी संकलन गरिएको समयमा हामीले तपाईंलाई खुलासा गरेका अन्य कुनै पनि प्रयोगहरूका लागि उपभोक्ता अनुभव र प्राथमिकताहरूका रिपोर्ट र अन्य विश्लेषणहरूमा प्रयोग गरिनेछ। यदि तपाईं आफ्नो जानकारी रिपोर्टहरूमा प्रयोग नगरिएको चाहनुहुन्छ भने (विश्लेषण वा अन्यथा तपाईंलाई खुलासा) तपाईंले सर्वेक्षण पूरा नगर्न छनोट गर्न सक्नुहुन्छ।

- **SMG सेवाहरू प्रयोग गर्नुहोस्।** तपाईंले कुकी र अन्य डाटा संकलन उपकरणहरूको प्रयोग मार्फत SMG सेवाहरूसँग अन्तरक्रिया गर्दा हामी स्वचालित रूपमा उपयोग डाटा संकलन गर्छौं। हामी यो उपयोग डाटालाई तपाईंको यन्त्र र हाम्रा प्रणालीहरू बीच सञ्चारको सुविधा पुर्याउन, सर्वेक्षणहरू वितरण गर्न, सर्वेक्षणको अखण्डता सुनिश्चित गर्न, जालसाजी कार्य पत्ता लगाउन र रोक्न, बजार अन्वेषण सञ्चालन गर्न, हाम्रा वेबसाइट र एप्लिकेसनहरू प्रशासन र सुधार गर्न र SMG सेवाहरूको उपयोग विश्लेषण गर्न र यसलाई सुधार्न र उन्नत गर्न। हामी कुकी र समान डाटा संकलन उपकरणहरू किन प्रयोग गर्छौं भन्ने बारे थप जान्नलाई यस गोपनीयता नीतिको "कुकी नीति" खण्डमा हेर्नुहोस्।

- **SMG सेवाहरू प्रयोग गर्दा आफ्नो व्यक्तिगत डाटा पेश गर्नुहोस्:** जब तपाईंले SMG सेवाहरूको प्रयोगको सम्बन्धमा आफ्नो व्यक्तिगत डाटा पेश गर्नुहुन्छ, जस्तै सहायता तथा जानकारीको लागि हामीलाई सम्पर्क गर्ने वा हाम्रा ग्राहकहरू मध्ये कुनै एकसँग आफ्ना अनुभवहरू बारे टिप्पणी प्रदान गर्दा, हामी तपाईंले पेश गर्नुभएको जानकारी संकलन र विश्लेषण गर्छौं। जब तपाईंले SMG लाई टिप्पणीहरू प्रदान गर्नुहुन्छ तब तपाईंले प्रदान गर्नुभएको जानकारी हामीले हाम्रा ग्राहकहरूलाई प्रदान गर्ने सेवाहरू र हाम्रो समग्र बजार अन्वेषणमा योगदान गरिनेछ। तपाईंको अनुमतिका साथ तपाईंका टिप्पणीहरू TrumpetRatings.com र/वा हाम्रा ग्राहकका वेबसाइटहरूमा पोस्ट हुन सक्छन्। जब त्यस प्रकारका जानकारी सार्वजनिक फोरममा पोस्ट गरिन्छ, जस्तै TrumpetRatings.com वा साधारण सार्वजनिकको लागि पहुँचयोग्य वेबसाइटहरू, तब सो जानकारी सार्वजनिक जानकारी बन्नेछ। तपाईंले लेख्नुभएको कुरा तेस्रो पक्षहरूद्वारा

हेर्न र/वा संकलन गर्न सकिन्छ र हामीले नियन्त्रण वा अनुमान गर्न नसक्ने तरिकाहरूमा अरूहरूद्वारा प्रयोग हुन सक्छ।

- **सामाजिक मिडिया पत्यारपत्र मार्फत SMG सेवाहरूमा पहुँच गर्नुहोस्:** SMG ले केही विशेष SMG सेवाहरूमा पहुँच गर्नलाई तपाईंलाई सामाजिक सञ्जाल सेवाहरू ("**सामाजिक मिडिया**") प्रयोग गर्ने अवसर प्रस्ताव गर्न सक्छ। जब तपाईंले सामाजिक मिडिया लगइन पत्यारपत्र मार्फत SMG सेवाहरूमा पहुँच गर्न छनोट गर्नुहुन्छ, तपाईंका गोपनीयता सेटिङहरूमा भर पर्दै SMG सँग तपाईंले सामाजिक मिडिया प्लाटफर्ममा प्रदान गर्नुभएको जानकारीमा पहुँच हुन सक्छ, जस्तै तपाईंको नाम, इमेल ठेगाना, प्रोफाइल फोटो, पोस्ट, टिप्पणी र तपाईंको सामाजिक मिडिया खातासँग सम्बन्धित अन्य जानकारी। हामी यस जानकारीलाई यो गोपनीयता नीतिमा व्याख्या गरिएका कुनै पनि उद्देश्यहरू र जानकारी संकलन गरिएको समयमा तपाईंलाई सुझाव दिइएका थप उद्देश्यहरूका लागि प्रयोग गर्न सक्छौं। यदि तपाईं सामाजिक मिडिया प्रदायकद्वारा SMG का साथ तपाईंको सामाजिक मिडिया जानकारी साझा गरिएको चाहनुहुन्न भने, तपाईंले SMG सेवाहरूमा पहुँच गर्नलाई आफ्नो सामाजिक मिडिया खाताहरू प्रयोग गर्नुहुँदैन।

**हाम्रा ग्राहकहरूबाट।** हाम्रा केही उत्पादन र सेवाहरूका लागि हाम्रा ग्राहकहरूले हामीलाई उनीहरूका ब्रान्ड, उत्पादन र सेवाहरूसँग तपाईंका अन्तरक्रियाहरू बारे जानकारी पठाउन सक्छन्, जसमा तपाईं नामांकन हुनुभएका कुनै पनि इमानदारी कार्यक्रमहरूसँग सम्बन्धित जानकारी र हाम्रा ग्राहकहरूसँग तपाईंका कारोबारहरू बारे जानकारी समावेश हुन सक्छ। हामीले सञ्चालन गरेका बजार अन्वेषण र हामीले हाम्रा ग्राहकहरूका लागि प्रदान गरेका सेवाहरू उन्नत गर्नका लागि हामी यस जानकारीलाई हामीले संकलन गरेका अन्य जानकारीसँग संयोजन गर्न सक्छौं।

## 4. प्रक्रिया गर्ने कानूनी आधारहरू

**4.1.** तपाईंले सर्वेक्षण पूरा गर्नुहुँदा वा SMG सेवाहरू प्रयोग गर्नुहुँदा हामी सर्वेक्षणहरूमा तपाईंको सम्पर्क डाटा, जनसाङ्ख्यिकी डाटा र प्रतिक्रियाहरू प्रक्रिया गर्छौं। हामी त्यस प्रकारका व्यक्तिगत डाटालाई ग्राहकवर्गका (कस्टुमरका) उपभोक्ता र व्यवसायहरूको फाइदाका लागि उनीहरूलाई उत्पादन र सेवाहरू सुधार्नमा मद्दत गर्नको लागि उनीहरूका ग्राहकवर्गबाट (कस्टुमरका) प्रतिक्रिया प्राप्त गर्नमा हाम्रा ग्राहकका (क्लाएन्टका) वैद्य रुचिहरूमा आधारित भइ र SMG का उत्पादन, सेवा र बजार अन्वेषण उन्नत गर्नमा SMG का वैद्य रुचिहरू र सहायता वा जानकारीका लागि प्रयोगकर्ताका अनुरोधहरूमा प्रतिक्रिया गर्ने कार्यमा आधारित भइ प्रक्रिया गर्छौं।

**4.2.** तपाईंले कुनै सर्वेक्षण पूरा गर्नुहुँदा वा SMG सेवाहरू प्रयोग गर्दा हामी तपाईंको उपयोग डाटा प्रक्रिया गर्छौं। हामी यस उपयोग डाटालाई कुकी र अन्य डाटा संकलन प्रविधिहरूलाई SMG ले प्रयोग गर्नमा तपाईंको सहमति पुष्टि गरी, सर्वेक्षणमा जारी राख्नलाई तपाईंको मतदानमा आधारित भइ प्रक्रिया गर्नेछौं। तपाईंले privacyofficer@smg.com मा इमेल मार्फत वा डाटा सुरक्षा कार्यकारीलाई पत्र लेखेर, सेवा व्यवस्थापन समूह LLC, 1737 McGee Street, Kansas City, MO 64108 मा हाम्रो डाटा सुरक्षा कार्यकारीलाई सम्पर्क गर्ने तपाईंको सहमतिलाई फिर्ता लिन सक्नुहुन्छ।

**4.3.** तपाईंले SMG सेवाहरूको संयोजनमा सामाजिक सञ्जाल सेवाहरू प्रयोग गर्दा तपाईंका गोपनीयता सेटिङहरूमा भर पर्दै तपाईंले सामाजिक मिडिया प्लाटफर्महरूमा प्रदान गर्नुभएको जानकारी पनि प्रक्रिया गर्न सक्नुहुन्छ। हामी त्यस प्रकारको जानकारीलाई तपाईंले सामाजिक सञ्जाल सेवामा आफ्ना गोपनीयता सेटिङहरूमा प्रदान गर्नुभएको सहमतिको आधारमा प्रक्रिया गर्छौं। तपाईंले हामीलाई आफ्नो सामाजिक मिडिया डाटामा उप्रान्त पहुँच अनुमति नदिनका लागि आफ्ना गोपनीयता सेटिङहरू परिवर्तन गरी आफ्नो सहमति फिर्ता लिन सक्नुहुन्छ।

**4.4.** हामी हाम्रा ग्राहकहरूका ब्रान्ड, उत्पादन र सेवाहरूसँग तपाईंका अन्तरक्रियाहरू बारे उनीहरूबाट प्राप्त गरिएको जानकारी प्रक्रिया गर्छौं। हामी त्यस प्रकारका जानकारीलाई SMG र हाम्रा ग्राहकहरूका उत्पादन र सेवाहरू सुधार्न र उन्नत गर्न र SMG को बजार अन्वेषण उन्नत गर्न सहित SMG र SMG का ग्राहकका वैद्य कानूनी रुचिहरूमा आधारित भइ प्रक्रिया गर्छौं।

## 5. हामी व्यक्तिगत डाटा कसरी प्रयोग र साझा गर्छौं

हामीले संकलन गरेका वा तपाईंले हामीलाई प्रदान गर्नुभएका जानकारी हामी कसरी प्रयोग र साझा गर्छौं भन्ने कुरा तपाईंले SMG सेवाहरू प्रयोग वा पहुँच गर्ने तरिकामा भर पर्छ। कानूनद्वारा आवश्यक पर्दा, हामीले तेस्रो पक्षहरूलाई व्यक्तिगत डाटा प्रदान गर्न बन्द गर्ने तपाईंको अनुरोधलाई SMG ले पालना गर्नेछ।

- **तपाईंसँग सञ्चार गर्न।** तपाईंको व्यक्तिगत डाटालाई आवश्यक परे अनुसार हाम्रो सम्बन्ध व्यवस्थापन गर्न र पत्र, टेलिफोन, इ-मेल, मोबाइल सतर्कता र SMS पाठ मेसेजिङ मार्फत तपाईंसँग सञ्चार गर्नलाई प्रयोग गरिनेछ। सर्वेक्षण प्रतिवादीले स्पष्ट रूपमा सञ्चार अनुरोध नगरेसम्म, SMG ले सर्वेक्षणको अखण्डता प्रमाणिक गर्न, सर्वेक्षणहरू वितरण गर्न, सर्वेक्षण लिए बापत कमाइएका पुरस्कार तथा लाभहरू प्रदान गर्न वा ग्राहक सेवा प्रदान गर्नलाई आवश्यक सम्पर्कभन्दा बाहेक सर्वेक्षण प्रतिवादीलाई सम्पर्क गर्नेछैन। SMG ले प्रत्यक्ष मार्केटिङ उद्देश्यहरूका लागि तपाईंको व्यक्तिगत डाटा प्रयोग नगरेता पनि, तपाईंले ग्राहकहरूले यसो गर्छन् कि गर्दैनन् भनी निर्धारण गर्न, तपाईंले हामीले तपाईंको व्यक्तिगत डाटा संकलन गरिदिने ग्राहकको गोपनीयता नीति समीक्षा गर्नुपर्छ। हामी तपाइसँग हाम्रो सम्बन्ध व्यवस्थापन गर्नमा सहायता गर्ने सेवा प्रदायकहरूसँग तपाईंको व्यक्तिगत डाटा साझा गर्न सक्छौं।

- **तपाईंले अनुरोध गर्ने सेवाहरू कार्यप्रदर्शन गर्न।** हामी तपाईंले अनुरोध गर्नुभएका सेवाहरू वा तपाईंले आरम्भ गर्नुभएका प्रकार्यहरू कार्यप्रदर्शन गर्नको लागि तपाईंको व्यक्तिगत डाटा प्रयोग र साझा गर्न सक्छौं, जस्तै तपाईंले सन्देश बोर्ड, फोरम वा सामाजिक मिडिया पृष्ठहरूमा जानकारी र सामग्रीहरू पोस्ट गर्नुहुँदा। साथे, तपाईंले हामीलाई अनुमति दिनुहुँदा, तपाईंले SMG सेवाहरू मार्फत सञ्चारहरू पठाउने कुनै पनि व्यक्तिको लागि तपाईंको पहिचान दिन हामी तपाईंको व्यक्तिगत डाटा खुलासा गर्न सक्छौं। थप रूपमा, हामी तपाईंले अनुरोध गर्नुभएका वा सर्वेक्षणहरू लिएर कमाउनुभएका पुरस्कारहरू प्रदान गर्न वा लाभहरू पूरा गर्नको लागि तेस्रो पक्षहरूसँग तपाईंको व्यक्तिगत डाटा प्रयोग र साझा गर्न सक्छौं। तपाईंले स्वीपस्टेक वा अन्य प्रमोशनहरूमा

सहभागी हुन मत दिनुभयो भने हामी तपाईंलाई ती प्रमोशनहरूका तेस्रो पक्ष प्रशासकहरूलाई तपाईंको जानकारी पठाउँछौं, जसले गर्दा उनीहरूले तपाईंका प्रश्नहरूका जवाफ दिन सक्छन् वा तपाईंले जित्नुभएको पुरस्कार वा प्रमोशन सम्बन्धी अन्य समस्याहरू बारे तपाईंलाई सम्पर्क गर्न सक्छन्|

- **SMG सेवाहरूको प्रयोग विश्लेषण गर्ने वा त्यसलाई सुधार्ने|** हामी उपयोग विश्लेषण, जालसाजी पत्ता लगाउन र SMG सेवाहरूका लागि कार्यप्रदर्शन सुधारका लागि कुकी र अन्य डाटा संकलन उपकरणहरूबाट संकलन गरिएको व्यक्तिगत डाटा प्रयोग गर्छौं| हामी माउस क्लिक, माउसका चाल, स्क्रोलिङ क्रियाकलाप र तपाईंले फ्री-फर्म पाठ बाकसहरूमा टाइप गर्नुहुने पाठ रेकर्ड गर्ने सहित व्यक्तिहरूले SMG सेवाहरू कसरी प्रयोग गर्छन् भनी विश्लेषण गर्न हामी तेस्रो पक्ष वेबसाइट विश्लेषण सेवाहरू प्रयोग गर्न सक्छौं| हामीलाई हाम्रा प्रयोगकर्ताहरूले SMG सेवाहरू कसरी फेला पार्छन् र प्रयोग गर्छन् भनी अझ राम्रोसँग बुझ्न, हाम्रा सेवाहरू उन्नत गर्न र तपाईंको प्रयोगकर्ता अनुभव सुधार्नमा मद्दत गर्नको लागि हामी यी तेस्रो-पक्ष सेवाहरूबाट संकलन गरिएको जानकारी प्रयोग गर्छौं|

- **अन्य सेवा प्रदायकहरूसँग डाटा साझा गर्ने|** हामी तपाईंको व्यक्तिगत डाटा सहित तपाईंको जानकारीलाई हामीले अन्य सेवा प्रदायकलाई संलग्न गराउने प्रकार्यहरू कार्यप्रदर्शन गर्नको लागि (जस्तै होस्टिङ, डाटा भण्डारण र सुरक्षा) प्रयोग गर्ने अन्य सेवा प्रदायकहरूसँग साझा गर्न सक्छौं| हामी अन्य सम्बन्धित SMG सेवाहरू सञ्चालन गर्न आवश्यक परे अनुसार तपाईंको व्यक्तिगत डाटा पनि साझा गर्न सक्छौं, जस्तै हामीले सञ्चालन गर्ने वेबसाइटहरू दर्जा र समीक्षा गर्न|

- **ग्राहकहरूसँग डाटा साझा गर्ने|** तपाईंले हाम्रा कुनै एक ग्राहकसँग आफ्नो उपभोक्ता अनुभव सम्बन्धी सर्वेक्षण लिन SMG सेवाहरूमा पहुँच गर्नुभयो भने, हामी त्यो ग्राहकसँग तपाईंका सर्वेक्षण प्रतिक्रियाहरू बारे र त्यो सम्बन्धी हामीले तपाईंबाट संकलन गरेको व्यक्तिगत डाटा साझा गर्छौं| हामी बजार अन्वेषण परिज्ञानहरू उत्पन्न गर्न र हाम्रा ग्राहकहरूलाई उपभोक्ता व्यवहार विश्लेषण र व्यवसाय ज्ञान प्रदान गर्नको लागि पनि यो व्यक्तिगत डाटा प्रयोग गर्न सक्छौं| हामीले तपाईंको व्यक्तिगत डाटा संकलन गरिदिने ग्राहकले व्यक्तिगत डाटा कसरी प्रयोग, सुरक्षा र अन्यथा प्रक्रिया गर्छ भन्ने बारे जानकारीको लागि सो ग्राहकको गोपनीयता नीति पढ्नुहोस्| हामी र हाम्रा ग्राहकहरूले, हामी, हाम्रो ग्राहक वा तेस्रो-पक्ष स्रोतहरूबाट वा तपाईं बारे संकलन गरिएको व्यक्तिगत डाटा सहित विभिन्न प्रकारका जानकारी संयोजन गर्न सक्छौं| SMG ले संयोजित जानकारीलाई यो गोपनीयता नीतिमा व्याख्या गरिएका कुनै पनि उद्देश्यहरूका लागि प्रयोग गर्न सक्छ र हाम्रा ग्राहकहरूले संयोजित जानकारीलाई उनीहरूका गोपनीयता नीतिहरूमा व्याख्या गरिएका कुनै पनि उद्देश्यहरूका लागि प्रयोग गर्न सक्छन्|

- **कानूनी दायित्वहरूको पालना र कानूनी अधिकारहरू लागू गर्ने|** हामी आवश्यक परे अनुसार हाम्रा अधिकारहरू लागू गर्न, हाम्रो सम्पत्ति सुरक्षा गर्न वा अरूहरूका अधिकार, सम्पत्ति वा सुरक्षालाई सुरक्षित गर्न वा बाह्य अडिटिङ, अनुपालना र संगठित शासन प्रकार्यहरू समर्थन गर्नका लागि पनि तपाईंबाट हामीले संकलन गरेका जानकारी साझा गर्न सक्छौं| हामीले आवश्यक ठाने अनुसार हामी उपस्थिति-पत्र, डाटा सुरक्षा अधिकार तथा न्यायाधीशको बाँध्ने आदेश, कानूनी

प्रक्रिया, सरकारी अनुसार वा अन्य कुनै पनि कानूनी तथा नियमावली दायित्वमा प्रतिक्रिया दिनलाई हामी व्यक्तिगत डाटा खुलासा गर्न सक्छौं, र प्रत्येक मामिलामा यो तपाईंको निवास राष्ट्रभन्दा बाहिरको तत्त्व हुन सक्छ। हामी आवश्यक परे अनुसार उपलब्ध उपायहरू पछ्याउन वा हामीले कायम राख्न सक्ने क्षतिहरू सीमित गर्न पनि व्यक्तिगत डाटा साझा गर्न सक्छौं।

- **निगम परिवर्तनहरूको सम्बन्धमा डाटा स्थानान्तरण गर्ने।** हामी कुनै वास्तविक वा आसन्न पुन: व्यवस्थापन, मर्जर, बिक्री, संयुक्त अभियान, नियुक्ति, स्थानान्तरण, आर्जन वा सीमितताका साथ कुनै दिवालिया वा समान प्रशोधनको सम्बन्धमा सहित SMG वा कुनै पनि सम्बन्धित कम्पनीद्वारा (प्रत्येक मामिलामा पूर्ण वा आंशिक रूपमा) वा यसका का स्वामित्व वा नियन्त्रणमा अन्य परिवर्तन व्यक्तिगत जानकारी सहित तपाईं बारे जानकारी स्थानान्तरण गर्न सक्छौं। हामीले व्यक्तिगत डाटा स्थानान्तरण गर्ने कुनै तत्त्वले, यो गोपनीयता नीतिमा प्रस्तुत नगरिएका उद्देश्यहरूका साथ अनुपयुक्त प्रक्रियाका कुनै उद्देश्यहरू र साथ-साथै यस गोपनीयता नीतिमा प्रस्तुत गरिएका चलनहरूभन्दा सामग्रीमूलक रूपमा फरक गोपनीयता चलनहरूको सूचना प्रदान गर्न आवश्यक पर्नेछ। कानूनद्वारा आवश्यक पर्दा, त्यस प्रकारका तत्त्वले तपाईंको सहमति पनि प्राप्त गर्न आवश्यक पर्नेछ।

- **अन्य व्यवसायिक उद्देश्यहरूका लागि व्यक्तिगत जानकारी प्रयोग गर्ने।** हामी अन्य वैद्य कानूनी उद्देश्यहरूका लागि पनि तपाईंको व्यक्तिगत डाटा प्रयोग गर्छौं, जस्तै SMG सेवाहरूको उत्पादन र सेवाको विकास र प्रशासन।

## 6. व्यक्तिगत डाटाको कायमता र निष्कासन

हामी तपाईंको व्यक्तिगत डाटालाई मौलिक रूपमा संकलन गरिएका उद्देश्यहरू बाहेक आवश्यक पर्नेभन्दा लामो समयको लागि हाम्रा रेकर्डहरूमा कायम राख्नेछैनौं। जब त्यस प्रकारको जानकारी मौलिक रूपमा संकलन गरिएका उद्देश्यहरूका लागि उप्रान्त आवश्यक पर्दैनन्, तब हामी हामीले हाम्रा कानूनी दायित्वहरू पालना गर्नलाई आवश्यक पर्ने बाहेक तपाईंका सबै इलेक्ट्रोनिक व्यक्तिगत डाटा मेटाउनेछौं र हार्ड कापी व्यक्तिगत डाटालाई सुरक्षित साथ टुक्राउनेछौं।

## 7. व्यक्तिगत डाटाको प्रक्रिया सम्बन्धी तपाईंका अधिकार र रोजाइहरू

तपाईंले SMG सेवाहरूमा उप्रान्त पहुँच नगरीकन कुनै पनि समय सर्वेक्षणहरूमा सहभागी हुन रोक्न सक्नुहुन्छ।

यदि तपाईंलाई आफ्नो व्यक्तिगत डाटासँग सम्बन्धित निश्चित कार्यहरू अनुरोध गर्ने अधिकारहरू प्रदान गरिने कानून वा नियमावलीहरू भएको स्थानमा तपाईं निवास गर्नुहुन्छ भने, तपाईंसँग त्यस प्रकारका कानून[हरू] वा नियमावली[हरू] द्वारा प्रदान गरिएका निश्चित अधिकारहरू हुनेछन्, जसमा तपाईंको व्यक्तिगत डाटामा पहुँच र परिशोधन (उदाहरण, सुधार वा अनुपूरण) वा मेटाउने अनुरोध गर्ने अधिकार, तपाईंको डाटा स्थानान्तरण गर्ने अधिकार (अर्थात्, डाटा वहनीयता), तपाईंको व्यक्तिगत डाटा प्रक्रिया गर्न प्रतिबन्ध गर्ने अधिकार र साथ-साथै तपाईंको व्यक्तिगत डाटाको प्रक्रियामाथि विरोध गर्ने अधिकार, तपाईंको सहमति फिर्ता लिने अधिकार, तपाईंको खाता रद्द गर्ने अधिकार र सुपरीक्षक

अधिकारीसँग गुनासो फाइल गर्ने अधिकार समावेश हुन सक्छ। त्यस प्रकार सबै अनुरोधहरू लागूयोग्य कानून र नियमावलीहरूमा प्रस्तुत गरिएका आधारहरू अनुसार सम्हालिनेछन्।

यदि तपाईं यूरोपेली संगठनमा निवास गर्नुहुन्छ भने, साधारण डाटा सुरक्षा नियमावली बमोजिम तपाईंसँग SMG मार्फत तपाईंको व्यक्तिगत डाटामा पहुँच र परिशोधन वा मेटाउने अनुरोध गर्ने अधिकार, डाटा वहनीयता, तपाईंको व्यक्तिगत डाटाको प्रक्रियालाई प्रतिबन्ध गर्ने अधिकार, तपाईंको व्यक्तिगत डाटाको प्रक्रियालाई विरोध गर्ने अधिकार, तपाईंको सहमति फिर्ता लिने अधिकार र सुपरीक्षक अधिकारीसँग गुनासो फाइल गर्ने अधिकार छ। यदि तपाईं यूरोप बाहिर निवास गर्नुहुन्छ भने, तपाईंसँग स्थानीय कानून बमोजिम विशेष डाटा विषय अधिकारहरू पनि हुन सक्छ।

यस प्रकारको अनुरोध गर्नलाई privacyofficer@smg.com मा इमेल मार्फत वा डाटा सुरक्षा कार्यकारीलाई पत्र लेखेर, सेवा व्यवस्थापन समूह, LLC, 1737 McGee Street, Kansas City, MO 64108 मा हाम्रो डाटा सुरक्षा कार्यकारीलाई सम्पर्क गर्नुहोस्।

## 8. व्यक्तिगत डाटा प्रदान नगर्नुका परिणामहरू

हाम्रा सर्वेक्षणहरूमा सहभागी हुन स्वैच्छिक भएता पनि तपाईंले सर्वेक्षणद्वारा अनुरोध गरिएका सबै जानकारी प्रदान गर्नुभएन भने तपाईं विशेष लाभ, पुरस्कार र फाइदाहरूका लागि योग्य नहुने सम्भावना छ।

## 9. कुकी नीति

### 9.1. कुकीहरू भनेका के हुन्

SMG र हाम्रा सेवा प्रदायकहरूले कुकीहरू नामक साना पाठ फाइलहरू प्रयोग गर्छन्। "कुकीहरू" भनेका साना कम्प्युटर फाइलहरू हुन् जसलाई तपाईंको वेब ब्राउजर वा तपाईंको कम्प्युटर, मोबाइल यन्त्र वा ट्याबलेटको हार्ड ड्राइभमा पठाइन्छ वा त्यहाँबाट पहुँच गरिन्छ, जसमा तपाईंको कम्प्युटर बारे जानकारी समावेश हुन्छ, जस्तै प्रयोगकर्ता ID, प्रयोगकर्ता सेटिङहरू, ब्राउजिङ इतिहास र सेवाहरू प्रयोग गर्दा सञ्चालन गरिएका क्रियाकलापहरू। कुकीमा प्राय जसो कुकीको उत्पत्ति भएको डोमेन नाम (इन्टरनेटमा भएको स्थान), कुकीको "जीवनकाल" (अर्थात्, त्यसको म्याद समाप्त हुन समय) र यादृच्छिक रूपमा उत्पन्न भएको अद्वितीय नम्बर वा परिचायक समावेश गरिएको हुन्छ। कुकीहरूलाई व्यक्तिगत डाटामा लिङ्क गर्न सकिन्छ।

### 9.2. हामी कुकी र डाटा संकलन उपकरणहरू कसरी प्रयोग गर्छौं

कुकीहरूले तपाईंका नेभिगेशन बानीहरू ट्र्याक गरी र SMG सेवाहरूसँग तपाईंको अनुभवलाई अनुकूल गरी हामीलाई SMG सेवाहरू सुधार्नमा मद्दत गर्छन्। यसले हामीलाई SMG सेवाहरू बारे प्राविधिक र नेभिगेश्नल जानकारी विश्लेषण गर्न सक्षम बनाउँछ र जालसाजी कार्य पत्ता लगाउन र रोक्न मद्दत गर्छ।

हामी SMG सेवाहरूसँग तपाईंको अनुभव सुधार्नमा मद्दत गर्नको लागि कुकी र अन्य डाटा संकलन उपकरणहरू पनि प्रयोग गर्छौं (जस्तै वेब बिकन र सर्भर लगहरू), जसलाई सङ्ग्रहित रूपमा "**डाटा संकलन उपकरणहरू**" भनी सन्दर्भ गरिन्छ – उदाहरणको लागि, तपाईंले हामीलाई फेरि भेट्न आउँदा हामीले तपाईंलाई सम्झिरहन र तपाईंले देख्ने सामग्री तपाईंको लागि थप सान्दर्भिक बनाउन।

SMG सेवाहरूले तपाईंले SMG सेवाहरूमा पहुँच गर्न प्रयोग गर्नुहुने यन्त्रबाट पनि जानकारी संकलन गर्न डाटा संकलन उपकरणहरू प्रयोग गर्न सक्छन्, जस्तै तपाईंको सञ्चालन प्रणालीको प्रकार, ब्राउजरको प्रकार, डोमेन र अन्य प्रणाली सेटिङहरू र साथ-साथै तपाईंको प्रणालीले प्रयोग गर्ने भाषा र तपाईंको यन्त्र अवस्थित भएको राष्ट्र र समय क्षेत्र पनि।

### 9.3. कुकीहरू माथि तपाईंको नियन्त्रण

वेब ब्राउजरहरूले ब्राउजर सेटिङहरू मार्फत प्राय कुकीहरूका केही नियन्त्रण अनुमति दिन्छ। केही वेब ब्राउजरहरूले (मोबाइल वेब ब्राउजरहरू सहित) तपाईंलाई कुकीहरू अस्वीकार गर्न अनुमति दिने वा तपाईंको कम्प्युटर, ट्याबलेट वा मोबाइल यन्त्रमा कुकी राखिँदा सतर्कता दिने सेटिङहरू प्रदान गर्छन्। तपाईंले आफ्नो मोबाइल यन्त्रमा उचित सेटिङ सक्रिय गरी मोबाइल यन्त्र परिचायकहरू अस्वीकार गर्न सक्नुहुन्छ। तपाईंले SMG कुकी वा मोबाइल यन्त्र परिचायकहरू स्वीकार गर्न आवश्यक नपरेता पनि, तपाईंले तिनीहरूलाई ब्लक वा अस्वीकार गर्नुभयो भने, तपाईंसँग SMG सेवाहरू मार्फत उपलब्ध भएका सबै सुविधाहरूमा पहुँच नहुन सक्छ। साथै, यदि तपाईं यस्तो क्षेत्राधिकारमा निवास गर्नुहुन्छ जसले हामीलाई हाम्रा वेबसाइट र/वा एप्लिकेसनहरूमा कुकीहरू प्रयोग गर्न तपाईंको सहमति प्राप्त गर्न आवश्यक पर्छ, तपाईंसँग ती वेबसाइट र/वा एप्लिकेसनहरूमा आफ्ना कुकी प्राथमिकताहरू व्यवस्थित गर्न अवसर हुनेछ; त्यस प्रकार वा वेबसाइट र एप्लिकेसनहरूको मूल प्रकार्यलाई सक्षम गर्न केही विशेष कुकीहरू आवश्यक पर्दा र तपाईंले ती कुकीहरू असक्षम गर्न छनोट गर्न नसक्नुहुने अवस्था बाहेक।

### 10. तपाईंको खाता जानकारी व्यवस्थापन गर्ने

तपाईंले हामीसँग तपाईं बारे भएको जानकारीमा भएका यथार्थ अशुद्धताहरू व्यवस्थित र सच्याउनलाई लागूयोग्य SMG सेवाको खाता खण्डमा जान सक्नुहुन्छ। तपाईंसँग आफ्नो व्यक्तिगत डाटामा कसरी पहुँच गर्ने र त्यसलाई कसरी सच्याउने बारे प्रश्नहरू भएमा, privacyofficer@smg.com मा इमेल मार्फत वा डाटा सुरक्षा कार्यकारीलाई पत्र लेखेर, सेवा व्यवस्थापन समूह LLC, 1737 McGee Street, Kansas City, MO 64108 मा हाम्रो डाटा सुरक्षा कार्यकारीलाई सम्पर्क गर्नुहोस्।

### 11. बालबालिकाको गोपनीयता

SMG सेवाहरू साधारण दर्शकहरूका लागि निर्देशित छन् र हामीले सञ्चालन गर्ने कुनै पनि क्षेत्राधिकारमा आफ्नो व्यक्तिगत डाटाको प्रक्रिया हुनलाई सहमति प्रदान गर्न सक्नेभन्दा कम उमेरका बालबालिकाहरूका लागि निर्देशित छैनन्। हामी त्यसता व्यक्तिहरूबाट जानीबुझि व्यक्तिगत डाटा संकलन गर्दैनौं। यदि व्यक्तिगत डाटाको प्रक्रिया गर्नलाई सहमति प्रदान गर्ने वैद्य कानूनी उमेरभन्दा कम उमेरका कुनै बच्चाले बुवाआमाको सहमति बिना हामीलाई व्यक्तिगत डाटा प्रदान गरेको छ भनी तपाईं सचेत हुनुभयो भने, privacyofficer@smg.com मा इमेलद्वारा वा डाटा सुरक्षा कार्यकारी, सेवा

व्यवस्थापन समूह LLC, 1737 McGee Street, Kansas City, MO 64108 मा पत्र लेखेर हाम्रो डाटा सुरक्षा कार्यकारीलाई सम्पर्क गर्नुहोस्। यदि कुनै बच्चाले उसको वा उनको क्षेत्राधिकारमा व्यक्तिगत डाटा प्रक्रियाको लागि सहमति प्रदान गर्न सक्ने उमेरभन्दा कम उमेरको बच्चाले बुवाआमाको सहमति बिना हामीलाई व्यक्तिगत डाटा प्रदान गरेको छ भनी हामी सचेत भएमा, हामी सकेसम्म चाँडो त्यस प्रकारको जानकारी हटाउन र बच्चाको खाता निलम्बन गर्न कदमहरू चाल्छौं।

## 12. तेस्रो पक्ष सेवाहरूमा जाने लिङ्कहरू

SMG सेवाहरूमा तेस्रो पक्ष वेबसाइट र सेवाहरूमा ("**तेस्रो पक्ष सेवाहरू**") जाने लिङ्कहरू समावेश हुन सक्छन् जसको SMG सँग कुनै सम्बन्ध छैन। कुनै तेस्रो पक्षमा जाने लिङ्क हुनुको अर्थ हामी त्यसलाई वा त्यसमा प्रस्तुत गरिएको जानकारीको गुणस्तर वा शुद्धतालाई पुष्टि गर्छौं भन्ने होइन। यदि तपाईंले तेस्रो पक्ष सेवामा जाने निर्णय लिनुभयो भने, तपाईं त्यसका गोपनीयता चलनहरूको विषय बन्नुहुनेछ र यस गोपनीयता नीतिमा प्रस्तुत गरिएका गोपनीयता चलनहरूको विषय हुनुहुनेछैन।

## 13. जानकारीको सुरक्षा

SMG सँग जानकारी सुरक्षा कार्यक्रम छ जसले व्यक्तिगत डाटाको सुरक्षा र गोप्यतालाई कायम राख्नमा; व्यक्तिगत डाटाको गोप्यता, अखण्डता र उपलब्धतामा पूर्वानुमानित जोखिमहरू विरुद्ध सुरक्षा गर्न; र तपाईंको व्यक्तिगत डाटा हराउने, दुरुपयोग, अनधिकृत परिवर्तन वा नाश र अनधिकृत पहुँच वा खुलासाबाट सुरक्षा गर्नमा सहायता पुर्याउनका लागि संरचित गरिएका प्राविधिक, भौतिक र संस्थागत विधिहरू लागू गर्छ।

यद्यपि, जब व्यक्तिगत डाटाको प्रक्रिया गरिन्छ, त्यो डाटा हराउने, दुरुपयोग हुने, परिमार्जित हुने, ह्याक हुने, उल्लङ्घन हुने र/वा अन्यथा अनधिकृत तेस्रो पक्षद्वारा पहुँच दिने जोखिम हुन्छ। डाटाको कुनै पनि प्रणाली वा अनलाइन स्थानान्तरण पूर्ण रूपमा सुरक्षित हुँदैन। तपाईंको व्यक्तिगत डाटालाई सुरक्षा गर्नको लागि SMG ले राखिएका प्राविधिक, भौतिक र संस्थागत विधिहरूका साथै तपाईंले आफ्नो व्यक्तिगत डाटा सुरक्षा गर्नलाई उचित सुरक्षा विधिहरू प्रयोग गर्नुपर्छ। यदि तपाईं आफ्नो SMG खाता वा तपाईंले हामीलाई प्रदान गर्नुभएको जानकारी उप्रान्त सुरक्षित छैन भनी विश्वास गर्नुहुन्छ भने, privacyofficer@smg.com मा इमेलद्वारा वा 1-800-764-0439 मा कल गरी SMG को डाटा सुरक्षा कार्यकारीसँग कुरा गर्न अनुरोध गर्दै हाम्रो डाटा सुरक्षा कार्यकारीलाई सूचना दिनुहोस्।

## 14. भौगोलिक विचारहरू र व्यक्तिगत डाटाको सीमा-पार स्थानान्तरणहरू

SMG ले SMG सेवाहरूलाई संयुक्त राज्य अमेरिकाबाट नियन्त्रण र सञ्चालन गर्छ। SMG ले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, जापान वा एसिया वा यूरोपेली संगठनमा भएको अन्य स्थानमा तपाईंको व्यक्तिगत डाटा स्थानान्तरण, भण्डारण र प्रक्रिया गर्न सक्छ। तपाईंको व्यक्तिगत डाटा स्थानान्तरण भएको राष्ट्रका डाटा सुरक्षा र गोपनीयता कानूनहरू तपाईंको राष्ट्रमा भएका कानूनहरू झैं विस्तृत नहुन सक्छन् भनी नोट गर्नुहोस्। उदाहरणको लागि, संयुक्त राज्य अमेरिकामा स्थानान्तरण गरिएको व्यक्तिगत डाटा संयुक्त राज्य अमेरिकाका संघीय र राज्य अधिकारीहरूद्वारा कानूनपूर्ण रूपमा पहुँच गर्नलाई अनुरोधका विषय बन्न सक्छन्।

यूरोपेली आर्थिक क्षेत्र (“EEA”) बाट संयुक्त राज्य अमेरिकामा गरिने कुनै पनि व्यक्तिगत डाटाका स्थानान्तरणहरू EN-US गोपनीयता शिल्ड को पालना गरी सम्पन्न गरिनेछन्। SMG EN-U.S. मा सहभागी हुन्छ र यसको पालना गर्छ। हाम्रो EN-US गोपनीयता शिल्ड प्रमाणपत्रमा व्याख्या गरे अनुसार EEA बाट व्यक्तिगत डाटाको संकलन, साझा र कायमता सम्बन्धी गोपनीयता शिल्डका सिद्धान्तहरू। गोपनीयता शिल्ड सूची [यहाँ](#) हेर्नुहोस्। गोपनीयता शिल्ड बारे [यहाँ](#) थप जान्नुहोस्। SMG US संघीय व्यापार नियुक्तिको निगरानीको विषय हो र क्षति प्रकट हुने घटनामा SMG कुनै पनि तरिकामा जिम्मेवार छैन भनी प्रमाणित नगरेसम्म SMG ले व्यक्तिगत डाटा स्थानान्तरण गरेका तेस्रो पक्षहरूद्वारा गोपनीयता शिल्ड सिद्धान्तहरूसँग असमान व्यवहारमा व्यक्तिगत डाटाको प्रक्रियाको लागि जिम्मेवार रहनेछ। EEA बाहिर व्यक्तिगत डाटाको त्यस प्रकारका कुनै पनि र सबै स्थानान्तरणहरू यो गोपनीयता नीति र सबै लागूयोग्य कानूनहरू अनुसार हुनेछन्। यदि तपाईंसँग हाम्रो गोपनीयता शिल्ड अनुपालना बारे गुनासो भएमा, privacyofficer@smg.com मा इमेल मार्फत वा डाटा सुरक्षा कार्यकारीलाई पत्र लेखेर, सेवा व्यवस्थापन समूह LLC, 1737 McGee Street, Kansas City, MO 64108 मा हाम्रो डाटा सुरक्षा कार्यकारीलाई सम्पर्क गर्नुहोस्। तपाईंले हाम्रो छनोट गरिएको व्यक्तिगत विवाद समाधान मण्डल (American Arbitration Association) लाई निःशुल्क रूपमा गुनासो सन्दर्भ पनि गर्न सक्नुहुन्छ र केही परिस्थितिहरूमा गोपनीयता शिल्ड मध्यस्थता प्रक्रियालाई आह्वान गर्न सक्नुहुन्छ।

यो अङ्ग्रेजी-भाषाको गोपनीयता नीति SMG सेवाहरूसँग सम्बन्धित त्यसका गोपनीयता चलनहरूका SMG को औपचारिक कथन हो। यो अङ्ग्रेजी-भाषाको गोपनीयता नीति र अन्य भाषामा गरिएको अनुवाद बीच कुनै असमानता भएमा, यो अङ्ग्रेजी-भाषाको कागजात प्रबल हुनेछ।

**15. हामीलाई कसरी सम्पर्क गर्ने**

तपाईंसँग गोपनीयता बारे कुनै प्रश्नहरू भएमा, आफ्नो व्यक्तिगत डाटामा पहुँच वा त्यसलाई अद्यावधिक गर्न सहायता आवश्यक परेमा वा आफ्नो व्यक्तिगत डाटाको प्रक्रिया सम्बन्धी गुनासोहरू भएमा [privacyofficer@smg.com](mailto:privacyofficer@smg.com) मा इमेल मार्फत हाम्रो डाटा सुरक्षा कार्यकारीलाई सम्पर्क गर्नुहोस्।

तपाईंले हामीले निम्न ठेगानामा पनि पत्र पठाउन सक्नुहुन्छ:

Service Management Group, LLC
Attn: डाटा सुरक्षा कार्यकारी
1737 McGee Street
Kansas City, MO 64108

Service Management Group, Ltd.
Attn: डाटा सुरक्षा कार्यकारी
38-40 The Maltings
St Albans
Hertfordshire AL1 3HL
UNITED KINGDOM

Service Management Group G.K.
Attn: डाटा सुरक्षा कार्यकारी

2-7-16 No. 3 Komoriya Building 9F
Hamamatsu-cho, Minato-ku
Tokyo 1050013, Japan

**16. डाटा नियन्त्रक र डाटा सुरक्षा कार्यकारी**

SMG द्वारा संकलन गरिएको व्यक्तिगत डाटा LLC, 1737 McGee Street, Kansas City, MO 64108 द्वारा नियन्त्रण गरिन्छ। तपाईंले privacyofficer@smg.com मा इमेल मार्फत वा डाटा सुरक्षा कार्यकारीलाई पत्र लेखेर, सेवा व्यवस्थापन समूह LLC, 1737 McGee Street, Kansas City, MO 64108 मा हाम्रो डाटा सुरक्षा कार्यकारीलाई सम्पर्क गर्न सक्नुहुन्छ।